# मिसन न्यूज

सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिस्कार ।
भ्रष्टाचार विरुद्ध शुन्य
सहनशिलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

बेस्ट कर्णाली मिडिया

राष्ट्रिय साप्ताहिक

Mission News National Weekly

www.missionenews.com

वर्ष-४ | अंक-२० | २०७६ पौष ०९ गते बुधबार | 25 December 2019 Wednesday | मूल्य रू. १०/-

## जग्गा अधिग्रहण गर्न नेपाल सरकारद्धारा स्विकृती

मिसन न्यूज
कालिकोट

फुकोट कर्णाली जलविद्युत आयोजनाले जग्गा अधिग्रहण गर्न नेपाल सरकारले स्वीकृती प्रदान गरेको छ। मंसिर ३० गते बसेको मन्त्री परिषद्को बैठकले स्वीकृती प्रदान गरेको हो ।

आयोजना आवास गृह निर्माणका लागि सरकारले जग्गा अधिग्रहण गर्नका लागि स्वीकृती प्रदान गरेको हो। प्राराम्भीक चरणको अध्यायन प्रतिवेदन तयार पारेर प्रभावित क्षेत्रको जग्गा अधिग्रहणका लागि उर्जा मन्त्रालयमा पत्र पठाएको र मन्त्री परिषद् स्तरीय निर्णय भएको आयोजना प्रमुख हिरावान वाइवाले बताए ।

'हामीले जग्गा अधिग्रहणका लागि मन्त्रालयमा पत्र पठाएका थियौं।' उनले भने,'मन्त्री परिषद्को निर्णय भएको छ।' आयोजना स्थलमा पुरै जग्गा गरेका जग्गा धनीले ७५ प्रतिशत र आंशिक जग्गा परेकालाई ६६ प्रतिशत मुआब्जा पाउने आयोजना प्रमुख वाइवाले बताए। पहिलो चरणमा आवश्यक कर्मचारी आवास गृह तथा कार्यालय भवन निर्माणका लागि सान्नी त्रिवेणी गाँउपालिका( २ रकुमा स्थानीयको १ सय ३० रोपनी जग्गा अधिग्रहण हुने प्रमुख वाइवाले बताए। 'आवास र कार्यालयका लागि जग्गा अधिग्रहण हुनेछ।' उनले भने,'आयोजना स्थलको अन्य काम अगाडी



फुकोट कर्णाली जलविद्युत आयोजनाले जग्गा अधिग्रहण गर्ने ठाउँ। तस्विर : मिसन न्यूज

बढाउन अन्य प्रभावित क्षेत्रको जग्गा पनि अधिग्रहण हुनेछ।'

४ सय ८० मेगाबाट क्षमता फुकोट कर्णाली जलविद्युत् आयोजनाका लागि करिव १५ सय रोपनी जग्गा अधिग्रहण हुने र टनेल निर्माणका लागि ठेक्काको आह्वान गरिसकिएको आयोजना प्रमुख वाइवाले बताए । 'यो जलाशययुक्त आयोजना हो।' उहाले भने ,'डुवान पर्ने जग्गा अधिग्रहणको प्रक्रियासमेत सुरु गरिएको छ।' पाँच बर्षभित्र निर्माण पुरा गर्ने लक्ष्य राखेको आयोजनाका लागि करिब १ खर्ब बजेट आवश्यक पर्ने आयोजना जनाएको छ।

## गोली प्रहारपछि अपहरणमुक्त

मिसन न्यूज
सुर्खेत

प्रहरीको गोली प्रहारपछि दैलेख ठाँटीकाँध गाउँपालिकाका अध्यक्ष धिरबहादुर शाही अपहरणमुक्त भएका छन् । अपहरणमा परेका शाही करिव १८ घण्टापछि प्रहरीले मुक्त गरेको हो । उनलाई नेकपा विप्लव समुहको अखडा मानिएको कालिकोटबाट अपहरणमुक्त गरिएको छ। अध्यक्ष शाही शनिबार मध्यरातमा घरबाटै अपहरणमा परेका थिए । उनलाई प्रहरीले कालिकोट शुभकालिका गाउँपालिकाको वडा नम्बर १ स्थित छात्तिको जंगलबाट अपहरणमुक्त गराएको हो। अध्यक्ष शाहीलाई विप्लव समूहले उनको घरबाटै अपहरण गरेको थियो । उनको खोजीका लागि आइतबार बिहानैबाट सुरक्षाकर्मी परिचालन गरिएको थियो। आइतबार साँझपख अध्यक्ष शाही अपहरणबाट मुक्त गराउन प्रहरी सफल भएको थियो । अध्यक्ष शाहीलाई अपहरणमुक्त गराइएको प्रहरीले जानकारी दिएको छ। अध्यक्षको खोजीका लागि दैलेख, अछाम र कालिकोटमा प्रहरी व्यापक परिचालन गरिएको थियो। 'करिव १८ घण्टा लगाएर गाउँपालिका अध्यक्ष धिरबहादुर शाहीलाई अपहरणमुक्त



दैलेख ठाँटीकाँध गाउँपालिकाका अध्यक्ष धिरबहादुर शाही।

गराएका छौं, सयौंको संख्यामा प्रहरी खटिएका थियौं' कर्णाली प्रदेशका प्रहरी प्रमुख डीआईजी पूर्णचन्द्र जोशीले भने, 'प्रहरीको लामो प्रयासपछि अध्यक्ष शाहीलाई प्रहरीको सम्पर्कमा ल्याउन सफल भएका छौ।' कालिकोटको भर्ता छातिमा विप्लव समूहका कार्यकर्ताले प्रहरीमाथि ढुंगामुढा गरेका थिए । प्रहरीले गोली चलाएपछि विप्लवका कार्यकर्ता भागेको र अध्यक्ष शाहीलाई उद्दार गरिएको डीआईजी जोशीले जानकारी दिए । त्यसक्रममा कुनै पनि मानविय क्षति भने नभएको उनको भनाइ छ । विप्लव समूहले आफ्नो पाटीविरुद्ध सुराकी गरेको र गाउँपालिकामा आएको बजेटमा अनियमितता गरेको भन्दै अध्यक्ष

**बाँकी ८ पेजमा.....**

## खानेपानीमा जीवाणु भेटीयो

**कालिकोट-** खानेपानीमा झाडापखालाका जीवाणुहरु भेटीएका छन्। पलाँता गाउँपालिका वडा नं ९ को सिजाडखोला खानेपानीमा झाडापखालाको जीवाणु भेटीएको हो। परापुर्व काल देखि स्थानीयले खाने गरेको सिजाड खोला मुहानको पानीमा (कोलीफम) झाडापखालाको जीवाणु भेटीएको खानेपानी सुरक्षा समितिका सदस्य सतल बहादुर बमले बताए। कालच्युरी, बाडदेव, जैतुनवाडा, पिपलचौतारा लगाएतका बस्तीमा स्थानीयले नियमित खानेगरेको सिजाड खोलामुहानको पानी खाँदा पहिले झाडा पखाला लागेर १३ जनाको ज्यान गएको स्थानीय महेन्द्रबहादुर बमले बताए। पलाँता ९ मा गठित खानेपानी सुरक्षा समितिले खानेपानीको गुणस्तर चेकजाँच, प्रकोप जोखिम न्युनिकरण लगायतका कामहरु गरिरहेको छ।

पलाँता ९ मा गाउँपालिका संगको समन्वयमा किर्डाक नेपालले सुवास परियोजना संचालन गरिरहेको छ। परियोजना अन्तरगत खानेपानी उपभोक्ता समितिलाइ क्षमता विकास तालिम, खानेपानी सुरक्षा गठन, खानेपानी सरसफाइ तथा स्वच्छता संग सम्बन्धीत अन्य बिभिन्न क्रियाकलापहरु संचालन संचालन गरिएको परियोजना अधिकृत धनबहादर केसीले बताए। यहाँका २ सय ५ घरधुरीमा सर्वसुलभ, गुणस्तरिय, पहुँचयोग्य र दिगो तथा भरपर्दो खानेपानी सेवा पुऱ्याइएको वडा नं. ९ का वडा अध्यक्ष टक्कबहादर बमले बताए।

परियोजनाले खानेपानी परिक्षण किट ल्याएर खानेपानी परिक्षण गर्ने काम गरेको छ। इन्फो किटको सहायताले खानेपानी खाने योग्य छ छैन भन्ने कुरा पत्ता लगाउने गरिएको छ। खानेपानीको गुणस्तर चेकका लागि बिभिन्न १० वटा कुराको परिक्षण गरिएको धर्मबहादुर बमले बताए। गाउँपालिकाले पालिकाका सबै घरबस्तीहरुमा तीन बर्ष भित्र सर्वसुलभ, गुणस्तरिय, पहुँचयोग्य र दिगो तथा भरपर्दो खानेपानी पुऱ्याउने लक्ष लिएको गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बम पलाँतीकान्छाले बताए।

पलाँता ९ लाई पुर्ण सरसफाइ उन्मुख बस्ती निर्माण गर्न घरधुरी भेटघाट, सरसफाइ तथा स्वच्छता कक्षा, खानेपानी तथा सरसफाइ अधिकारका बिषयमा छलफल भइरहेको सरसफाइ तथा स्वच्छता सुपरभाइजर पुष्पा घर्ती मगरले बताइन्।

खानेपानीमा झाडापखालाका जीवाणु भेटीएकाले सिजाडखोलाको पानी खानेपानीमा प्रयोग नगर्न स्थानीयलाइ सूचित गरीएको खानेपानी मुल समितिका अध्यक्ष कृष्णबहादुर बमले बताए।

# सम्पादकीय...

## जलविद्युतमा आशा राखौं

विश्व एकाइऔ सताव्दिको डिजिटल युगमा प्रवेश गरेको छ। अहिलेको अवथामा समेत झण्डै पौने करोड नेपालीले अझै पनि टुकिको उज्यालोमा जिबन बिताउनुपर्ने अवस्था विडम्बनापुर्ण छ। हालै सरकारले सार्वजनिक गरेको तथ्यांकअनुसार ७४ लाख १० हजार नेपाली उज्यालोका लागि टुकी बत्तीको को भर पर्ने गरेको देखिन्छ । आर्थिक सर्वेक्षण २०७३, ७४ अनुसार मुलुको कुल जनसंख्यामा विजुलीको पहुँच ७४ प्रतिशतमा पुगेको छ भने बाँकी २६ प्रतिशत जनंख्या अझै पनि टुकीको भरमा छन् ।

केन्द्रय तथ्यांक विभागले गत बर्ष प्रक्षेपण गरेअनुसार मुलुकको जनसंख्या २ करोड ८५ लाख छ जसको २६ प्रतिशत भनेको ७४ लाख १० हजार हुन आउँछ । कुल जनसंख्याको एक चोथाई जनता अझै पनि उज्यालोका लागि टुकीको भर गर्नु परेको हो । कुल जनंख्याको ५६ प्रतिशतले राष्ट्रिय प्रशारण लाईनको जलविधुत प्रयोग गरिरहेका छन्। यस्तो विडम्बना धेरै जसो पहाडी क्षेत्र र हिमाल तिर वस्ने नेपालीहरुलाई रहेको छ । गाउँमा उज्यालो नपाएर लोस्टा तथा टुक्कीको बत्ती वाल्ने नेपाली धेरै देख्न पाइन्छ। नेपाल जलस्रोतको धनी देश भएता पनि अहिले सम्म जनताले राम्रो संग उज्यालोको भरमा बस्न पाएका छैनन् ।

कर्णालीको जलविद्युत क्षेत्रमा अहिले अध्यायन गरिएका केहीको काम अगाडि बढाइका जलविद्युतका योजनाहरूलाई हेर्ने हो भने कालिकोट जिल्लामा ४ सय २० मेगावाटको तिला–१,४४० मेगावाटको तिला–२, निर्माण प्रक्रियामा अगाडि बढेका छन् । भने, १६ मेगावाटको पादमघाट जलविद्युत्, ४२६ मेगावाटको फुकोट कर्णालीलाई निर्माण गर्ने अनुमति ऊर्जा मन्त्रालयले दिइसकेको छ। यस्ता आयोजनाहरुले कर्णालीका जनतामा आशा जागेको छ। यि आयोजनाले कालिकोटको मात्र समृद्धिको आधार तयार नपारेर देशकै समृद्धिका आधारका रूपमा विकासमा सहयोग दिने देखिन्छ । अहिले सर्वाधिक चर्चामा रहेको ४ सय २६ मेगावाटको फुकोट कर्णाली आयोजना निर्माण गर्न सकिएको खण्डमा मात्र पनि मुलुकले केही राहत पाउनेछ। यी र यस्ता जलासय आयोजना निर्माण लाईन नपुगेको ग्रामिण क्षेत्रमा प्रसारण लाईन विस्ता गर्न सकिए लोडसेडिङ सदाका लागि अन्त्य गर्न सकिने छ ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## नेपाल होटल व्यवसायी महासंघको केन्द्रिय महाधिवेशन सुर्खेतमा

लिलाराज संज्याल
सुर्खेत

नेपाल होटल व्यवसायी महासंघको केन्द्रीय महाधिवेशन सुर्खेतको वीरेन्द्रनगरमा हुँदै छ । सुर्खेतको वीरेन्द्रनगरमा महासंघको तेस्रो चुनावी महाधिवेशन हुँदैछ । महाधिवेशनमा देशभरका ८० हजार होटल व्यवसायीको प्रतिनिधित्व गर्दै



१५ सयभन्दा बढी होटल व्यवसायी सुर्खेत आएका छन् । महासंघको अधिवेशनका लागि सबै व्यवस्थापनको तयारी पूरा भएको होटल व्यवसायी संघ सुर्खेतका अध्यक्ष गोरख रावतले जानकारी दिए। 'हाम्रो तर्फबाट सबै तयारी भइसकेको छ, यहाँ आउने पाहुना तथा प्रतिनिधीलाई स्वागत गर्न तयार छौं' उनले भने ।

होटल व्यवसायी महासंघका अध्यक्ष अमृत भुजेलले महाधिवेशनको तयारी पूरा भएको बताउँदै सुर क्षादेखि सबै बन्दोवस्त मिलाइएको जानकारी दिए । 'सरकारले नेपाल भ्रमण वर्ष २०२० को घोषणा गरेको छ, हामी व्यवसायी पनि उक्त कार्यक्रमलाई सघाइरहेका छौं,' भुजेलले भने । महाधिवेशन सम्पन्न गर्न झण्डै एक करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ । महाधिवेशनको उद्घाटन कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले गर्ने जनाइएको छ। महाधिवेशननका लागि लाग्ने खर्च व्यवसायीले नै जम्मा गरेको भुजेलले बताए। महाधिवेशनका क्रममा कर्णाली प्रदेशको पर्यटकीय सम्भावनाका बारेमा प्रदेश सरकार र होटल व्यवसायीबीच अन्तर्क्रिया हुने होटल व्यवसायी संघ सुर्खेतका सचिव जनक सिंह ठकुरीले बताए । उनका अनुसार प्रदेश सरकारका तर्फबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिं बुढा सहभागी हुनेछन्। चुनावी महाधिवेशनले नेपाल भ्रमण वष २०२० लाई पनि सहयोग पुग्ने अपेक्षा राखिएको अध्यक्ष रावतले बताए। महाधिवेशनले कर्णालीमा पनि राम्रो होटल छन् भन्ने सन्देश देशव्यापी रुपमा जाने अपेक्षा गरिएको उनले बताए । सुर्खेतमा हुन लागेको तेस्रो महाधिवेशनले होटल व्यवसायी महासंघको नयाँ नेतृत्व समेत चयन गर्नेछ ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा हुन लागेको होटल व्यवसायी महासंघको केन्द्रीय महाधिवेशनमा आउने पाहुनालाई अर्गानिक खाना खुवाईने होटल व्यवसायी संघ सुर्खेतले जनाएको छ। 'देशैभरका १५ सय ५० भन्दा बढी व्यवसायी पाहुना बनेर सुर्खेत आउने क्रम सुरु भएको छ,' होटल व्यवसायी संघ सुर्खेतका पूर्व अध्यक्ष तर्क शाहीले भने, 'हरेक होटलमा सकेसम्म कर्णालीकै खाना खुवाउने गरेका छौं, सकेसम्म अर्गानिक उत्पादन नै खुवाउने छौं ।'

**वन डढेलो नियन्त्रण सम्बन्धी सूचना**

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

हरियो वन, वन जोगाऔं

# आत्मरतिले किचेको विकास र संस्कार



**रुपचन्द्र अधिकारी**

आजको विश्व परिवेशमा विकास भन्दा बढी रुपान्तरणका नाराहरु गुन्जिन थालेका छन् । विकासलाई संकुचित र रुपान्तरणलाई बृहत अर्थमा लिने गरिएको छ। तर नेपाल जस्ता अतिकम विकसित मुलुकहरुमा आर्थिक र भौतिक रुपमा मात्र विकासको बहस हुँदैन। सामाजिक रुपान्तरणका समेत ठूलै होर्डिङ बोर्ड टाँगिन्छ । तर, आँखाले नियाल्न मिल्ने भौतिक पूर्वाधारहरुमा समेत अपेक्षाकृत उपलब्धि हासिल हुन सकिरहेको छैन । नेपाली जनताको लामो संघर्षबाट लोकतान्त्रिक व्यवस्थाको उच्च र हालसम्म विकल्प फेला नपरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन भइसकेको छ। जसले सिद्धान्ततः आदर्श शासनका सबै मूल्य र मान्यतालाई अँगालेको हुन्छ । तर पनि हामी रुपान्तरणका नारा लिएर विकास गर्न भने सकिरहेका छैनौं। विश्वमा केही मुलुकहरु आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका हिसाबले आगाडि छन् । त्यस्ता केही मुलुकको उदाहरण लिनु उपयुक्त हुन्छ ।

**विकाससिद्ध भएका केही जबरजस्त परिवर्तनहरु**

हुन त हामी क्रान्ति भन्ने बित्तिकै परिवर्तनका निम्ति भएका विद्रोहहरुलाई बुझ्ने गर्छौं। तर विश्वमा विद्रोह नगरी परिवर्तन सम्भव भएका छन्। चाहे ति राजनीतिक चेतनासँग सम्बन्ध राख्ने हुन्, या त नितान्त नागरिकको जनजीवन परिवर्तन गर्ने बिषयसँग सम्बन्धित हुन्। तिनै मध्ये पर्दछ, औद्यागिक क्रान्ति ! जसले १८ औं सताब्दिको मध्यदेखि १९ औं सताब्दिको मध्यसम्ममा युरोपमा यन्त्र उपकरणहरुको आविस्कारलाई प्रोत्साहन गऱ्यो । युरोप त्यही बेला आधुनिक/औद्योगिक युगमा प्रवेश गऱ्यो । जसले गर्दा आज समग्र युरोप विकासको केन्द्र बन्न पुगेको छ। युरोपकै राजनीतिक परिवर्तनका लागि एक आधारका रुपमा रहेको अर्को घटनाको रुपमा पुनर्जागरणलाई लिन सकिन्छ। युयानी र रोमको सभ्यतालाई भुल्न पुगेर सिर्जित अध्ययन, खोज, चिन्तन, वैज्ञानिक सोच, अनुसन्धान, कला र संस्कृति जोगाउन युरोपेली जनता सक्रिय भएको कालखण्डलाई पुनर्जागरणका नामले चिनिन्छ । जसले युरोपको गौरवपूर्ण स्वर्णीम अतितलाई पुनः जिवित पार्ने कार्य गऱ्यो ।

उक्त घटनाले अन्धविश्वासी चर्च र सामन्त वर्गबाट जबरजस्त लादिएका परम्परा अस्वीकार गरी प्राचिन सभ्यताको जगमा नयाँ संस्कृति र चिन्तनको बिजारोपण गर्यो । मानवताको स्तर क्षीण हुँदैछ। घरको फराकिलो आँगनमा तुलसीको मठ हुने कुरा शहरको २ कोठामा खुम्चिएको छ । बा-आमाले बृद्धाश्रम भरिँदो अवस्था छ। धर्म गुरुहरु बलात्कारको खेती गर्न थालेका छन् राजनीतक व्यवस्थासँग प्रत्यक्ष जोडिएको अर्को एउटा घटना हो, गौरवमय क्रान्ति ! बेलायतमा सन् १६८० को दशकमा भएको उक्त क्रान्तिमा विना रक्तपात बिल अफ राइटमा हस्ताक्षर भई संवैधानिक राजतन्त्रको व्यहारिक अभ्यास सम्भव भएको थियो। यि घटनाहरु बाहेक सन् १७६५ मा अमेरिकामा ब्रिटिशले लागू गरेको स्टाम्प एक्टबाट चलिँदै गएको अमेरिकी नागरिकको असन्तोष अमेरिकी स्वतन्त्रता संग्रामको (सन् १७७५(१७८९) रुपमा रुपान्तरण भएको थियो । त्यहि संघर्षबाट स्वतन्त्र भएको अमेरिका आज विश्वमा शक्तिशाली राष्ट्रको रुपमा चिनिन्छ। युरोप कै अर्को विशाल मुलुक रुसमा सन् १९१७ मा रुसी अक्टोबर क्रान्ति मार्फत् निरंकुश जार शासनको विरुद्धमा सर्वहारा वर्गको अधिनायकत्व स्थापना गर्नुका साथै आर्थिक समानताका लागि साम्यवादको प्रचार प्रसार हुने माध्यम बन्न पुग्यो । यी घटना बाहेक भारतीय स्वतन्त्रता संग्राम, प्रथम विश्वयुद्ध, दोस्रो विश्वयुद्ध, चीनियाँ सांस्कृतिक जनक्रान्ति लगायत थुप्रै घटनाहरुले विभिन्न मुलुकको विकासको गतिमा एक प्रकारको छलाङ मारेको पाइन्छ ।

**नेपाली संस्कारमा आएको ह्रास**

माथिका प्रतिनिधि घटनाहरुबाट यो निष्कर्ष निकाल्न सकिन्छ कि, अग्रगामी छलाङ मार्न परिवर्तनकारी कदम आवश्यक हुन्छ। जसको उपयोग गर्दै आज अमेरिका, समग्र युरोप, चीन, भारत आदि मुलुकहरु विज्ञान, प्रविधि, आविस्कार र विकासमा अग्रपंक्तिमा छन् । हामी नेपाली भने आफ्ना पिता पूर्खाले गरेका आविष्कारहरु ध्यान, योग, आयुर्वेद, परम्परा, भेषभुषा, मातृभाषा, संस्कृति, चालचलन, चाडपर्व, आदि भुलेर देखावटि संस्कारमा रमाइरहेका छौं । सट्टामा तिनै विकसित मुलुकबाट आयात भएका स्मार्ट फोनमार्फत् फेसबुक, इन्सटाग्राम आदिका लाइक र कमेन्टमा अल्झिएर विदेशी बजार र संस्कारलाई अँगाल्दैछौं । मानवताको स्तर क्षीण हुँदैछ । घरको फराकिलो आँगनमा तुलसीको मठ हुने कुरा शहरको २ कोठामा खुम्चिएको छ। बा-आमाले बृद्धाश्रम भरिँदो अवस्था छ। धर्म गुरुहरु बलात्कारको खेती गर्न थालेका छन् । यति हुँदाहुँदै पनि पशुपतिनाथमा दर्शन गर्न जाँदा घण्टौं लाइन बस्नुपर्छ ! आखिर आजका मानिसहरु केका लागि मन्दिर जान्छन् ? आस्था र विश्वास भएर आर्शिवाद लिन भए त पक्कै ज्ञान, बुद्धि, विवेक माग्नु पर्दो हो ! त्यसो हुँदो हो त समाजमा किन यति धेरै नैतिकताको खडेरी ? धर्म भन्ने शब्द आफैँमा महत्वपूर्ण छ। रामनाम ! अल्लाह ! बुद्धम शरणम गछ्यामी ! प्रभु ! को नामोच्चारण गर्दैमा धर्म हुँदैन। यो रित त केवल आत्मरतिमा रमाउने माध्यम मात्र हो। धर्मको अर्थ अरुको हानी नगर्नु, रिस डाह, घमण्ड, अहंकार, चोरी, हत्या नगर्नु हुन्छ। तर आज हाम्रा माझ पैसाले धर्मको किनबेच हुन्छ । यो अवस्थामा कुनै पनि धर्मको मर्म बच्न सक्दैन । तसर्थ युरोपको पुनर्जागरणकालमा भएको प्राचिन सभ्यताको जगमा नयाँ संस्कृति हाल्ने पालो हाम्रो काँधमा आएको छ ।

**विकासको अबको बाटो**

विकासका लागि सुहाउँदो शासन व्यवस्था र स्थिर सरकार हुँदा पनि अर्थतन्त्रमा पूँजीगत खर्चको हिस्सा कमजोर रहनु, चालु खर्चमा भएको बृद्धि र त्यसमाथि पूँजीगत खर्च गर्ने क्षमता र योग्यता कमी हुँदा अझै आशातित उपलब्धि हासिल हुन सकेको छैन। अव विकास मात्र गरेर सुख छैन, दिगो विकास हुनुपर्छ। भावी पुस्ताको जीवनयापनमा असर नपर्नेगरी विकास गर्नुपर्ने समयमा विकास योजनामा राजनीति र प्रशासनले जुहारी खेलेर समय बर्बाद गर्ने संस्कार अन्त्य गर्नुपर्दछ । अँध्यारो हटाउन उज्यालो पर्खिदा समय घर्किन्छ। फेरि एक पटक सोच्ने बेला आएको छ, अब आत्मरतिमा रमाउने संस्कार परिवर्तन गर्नैपर्छ। नयाँ पत्रिकाबाट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# स्याउको डोको बोकेर बजार खोज्नु पर्ने बाध्यता

मिसन न्यूज
जुम्ला



जुम्ला जिल्ला स्याउँ पकेट क्षेत्र मानिय पनि स्याउँ विक्रि गर्ने कुनै बजार नपाएपछि कृषक चिन्तित वनेका छन् । यो वर्ष पनि स्याउले राम्रो मुल्य पाएन, कति त कुहिएरै सकिए । वर्षभरी दुःख गरी उत्पादन गरेको स्याउ बजार मुल्य नपाउँदा निकै सास्ती भोग्नु परेको छ । पातारासी गाउँपालिकाका किसान रमा भण्डारीको गुनासो हो यो । स्याउले मुल्य नपाउँदा करोडौको लगानी बालुवामा पानी भएको उनको दुःखेसो छ । उनी भन्छिन्, 'सरोकारवालाले किसानका समस्या कहिले बुझ्ने, स्याउ सुपरजोनको काम के हो ।' विचौलियाका कारण वास्तविक किसान ठगिएको उनको भनाई छ ।

यस्तै तातोपानी गाउँपालिका वडा नम्बर ७ का स्याउ कृषक मुन बहादुर कुँवर भन्छन् , 'बजारीकरण को अभावमा स्याउका लागि प्रसिद्ध जुम्लाकै कृषक स्याउ खेतीमा हतोत्साहित छन्,किसानले बोटबाट स्याउ टिपेर बिक्रिको लागि भौतारिनु पर्छ ।' 'अहिले बजारमा स्याउको माग छ, तर कृषक रित्ता छन् । बनेका सेलार स्टोर प्रयोग विहिन छन् ।' उनले भने, 'बनेका भौतिक संरचना प्रयोगमा ल्याउन सरोकारवालाको ध्यानाकर्षण गराउन चाहन्छु ।' स्याउ सुपरजोन जुम्लाले आयोजना गरेको बजार प्रवर्द्धन तथा अर्न्तक्रिया गोष्ठीमा सहभागी अधिकांश किसानले स्याउले बजार मुल्य नपाएको गुनासो गरे । यस वर्ष प्रतिकिलो स्याउको ३५ देखि ५० रुपैयाँ मूल्य पाउन पनि मुस्किल परेको कृषकहरुको भनाई छ । जुम्लाको स्याउको नाममा बाहिर जिल्लाको स्याउले मुल्य पाएको र सरोकारवाला निकायले आवश्यक पहल नगरेका कारण जुम्लाको स्याउले मुल्य नपाएको उनीहरुको गुनासो छ । बजारमा रहेका विचौलिया नरोकेसम्म जुम्लाको स्याउले मुल्य नपाउने र स्याउको गरिमा नै घट्ने वरिष्ठ स्याउ कृषक शंखु बहादुर खत्रीले बताए । सेलार स्टोरको प्रयोग गर्न सके बाह्रै महिना स्याउको गुणस्तर देखि मूल्यमा गिरावट नआउने खत्रीले बताए ।

स्थानीय तहले समेत स्याउ वित्रि प्रणालीलाई व्यवस्थित गर्न नसककेका कारण आफूहरुलाई समस्या भएको बताइएको हो । स्याउ सुपरजोन जुम्लाका अनुसार नेपालमा हरेक वर्ष १ लाख मेट्रिक टनको हाराहारिमा स्याउ खपत हुन्छ । जसमा ४३ हजार नेपालमै उत्पादन हुन्छ भने ६७ हजार मेट्रिक टन बाहिरबाट आयात हुन्छ । देशभर जुम्लामा उत्पादित स्याउको माग अत्यधिक भएपनि माग अनुसारको खपत हुन सकेको छैन । हिमा गाउँपालिकाका किसान गोपाल रोकायाले विशेष गरी स्याउ उत्पादन भन्दा गुणस्तरमा ध्यान दिन आवश्यक रहेको बताए । स्याउ सुपरजोनले कार्य क्षेत्र बढाउनु पर्ने उनको भनाई छ । सिंजा क्षेत्रमा मा सुपरजोनको कार्यक्षेत्र नै छैन् । जिल्लालाई स्याउ खेतीमा आत्मनिर्भर बनाउने लक्ष्य राखिएको कार्यालय प्रमुख नवराज भण्डारीले बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत स्याउ खेतीका लागि स्याउ सुपरजोन कार्यक्रमले यस्तो लक्ष्य राखेको उनको भनाई थियो । जुम्लालाई स्याउ खेतीमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ गाउँस्तरमा रहेका समूह, सहकारी, कृषक र सम्बन्धित पक्षसँग स्याउ सुपरजोनले परार्मश गर्दे आएको छ । कृषकलाई गुणस्तरीय स्याउ उत्पादन र बजारीकरणमा सुपरजोनले सहयोग गर्दै आएको जानकारी दिए । जुम्लालाई स्याउ ब्लक क्षेत्रका रुपमा विकास गर्नुपर्ने सुझाव आएकोले निकट भविष्यमै कार्यक्रम लागु हुने आस्वासन दिए । हरेक पालिकाले एक एक नमूना बगैंचा बनाउन सुझाव समेत दिएका छन् । जिल्ला समन्वय समिति जुम्लाका उपप्रमुख कार्मा बुढाले किसान र स्याउ व्यापारीबीचको आपसी समन्वयका आधारमा आगामी दिनमा कार्यक्रमलाई अझै गुणस्तरीय बनाउन सुपरजोनलाई सुझाव दिए ।

किसानको सक्रियता र सरोकारवालाको दतारुकता र ऐक्यबद्धता मात्रै भए स्याउले भरिपुर्ण जुम्ला हुन सक्ने उनको बुझाइ छ । स्याउ नेपालका प्रमुख शहर सुर्खेत, कोहलपुर, नेपालगन्ज, धनगढी, बुटवल, पोखरा, काठमाडौं मात्र नभएर सल्यान, जाजरकोट, दैलेख, रुकुम, प्यूठान, दाङ, अर्घाखाँची र गुल्मी जस्ता पहाडी र भित्री मधेशका जिल्लामा समेत पुग्ने गरेको छ ।

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# बालबालिका माथि हुने हिंसा प्रतिकार गर्न मुख्यमन्त्रीको आग्रह

मिसन न्यूज
कालिकोट

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले हिंसाको प्रतिकार गर्न बालबालिकालाई



आग्रह गरेका छन् । जिल्ला प्रहरी कार्यालय कालिकोटले आयोजना गरेको बालविवाह, बाल हिंसा, लागूऔषध दुर्व्यसन, लैंगिक हिंसाजस्ता सामाजिक अपराधविरुद्ध माध्यामिक विद्यालयमा अध्ययनरत बालबालिका तथा सम्पर्क शिक्षकलाई अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री शाहीले यस्तो बताएका हुन् । उनले बालविवाह, बाल हिंसा, लागूऔषध दुर्व्यसन, लैंगिक हिंसा, छाउपडी प्रथा, जातिय विभेद जस्ता सामाजिक अपराध अन्त्यका लागि प्रदेश सरकार पनि लागि परेको बताउँदै यस्ता अपराधको शिकार कोही कसैले नहुन र हिंसा सहेर नबस्न बालबालिकालाई आग्रह गरे । उनले भने, 'आजका बालबालिका भोली मुलुक हाक्ने व्यक्ति हुन् । तपाईहरु सचेत हुनुहोस् । हिंसाविरुद्धमा खुलेर बोल्नुस् । सरकार बालबालिकाको संरक्षण, बाल अधिकारको प्रत्याभूति गर्न तयार रहेको उनले बताए । जिल्लाका ९ वटै स्थानीय तहमा रहेका जम्मा ४२ वटा माध्यामिक विद्यालयका ८४ जना बालबालिका तथा ४२ जना सम्पर्क शिक्षकलाई सामाजिक अपराधविरुद्धको अभियानमा अभियान्ताका रुपमा परिचालन गर्ने जिल्ला प्रहरी प्रमुख डीएसपी श्यामबाबु ओलीयाले बताए । उनका अनुसार सामाजिक अपराधविरुद्ध अभियानका लागि प्रहरीले बालविवाह र समाजिक अपराध न्युनिकरणसम्बन्धि माध्यामिक विद्यालयका सम्पर्क शिक्षक तथा विद्यार्थीलाई अभिमुखीकरण गर्न थालेको छ । आइतबार र सोमबार जिल्लाका ४ वटा स्थानीय तह खाँडाचक्र नगरपालिका, तिलागुफा नगरपालिका, महाँवै गाँउपालिका र शुभकालिका गाउँपालिकाका २ विद्यालयका ४२ वद्यार्थी र २१ जना सम्पर्क शिक्षकलाई अभिमुखीकरण गरेको थियो । मंगलबारबाट

बाँकी ८ पेजमा.....

# पूर्वसूचना दिने राडार सुर्खेतमा शुचारू

मिसन न्यूज
सुर्खेत

मौसमसम्बन्धी पूर्वसूचना दिने प्रणाली 'रेडियो डिटेक्सन एण्ड रेन्जिङ' राडारको सुर्खेतमा उद्घाटन



गरिएको छ । सुर्खेत र दैलेखको सीमानामा पर्ने रातानाङ्लामा जडान गरिएको राडारको मंगलबार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनले उद्घाटन गरेका हुन् । उद्घाटनका क्रममा मन्त्री पुनले पूर्वसूचना प्रणालीले नागरिकको सुरक्षामा महत्वपूर्ण सहयोग गर्ने बताए । मौसमअनुसार जोखिमको सम्भावना पुग्न सक्ने क्षतिका बारेमा जानकारी लिन राडारले दिने भएकाले यसको सदुपयोगले जोखिम व्यवस्थापनमा सहयोग पुग्ने उनले बताए । मन्त्री पुनले राडारले दिने सूचना हरेक नागरिकसम्म पुग्ने व्यवस्था मिलाउन समेत आग्रह गरे । 'पहिले मानिसहरू आकाश हेरेर मौसमबारे जानकारी लिन्थे, अब सबै जानकारी सिस्टममार्फत् नै हुने भयो,' उनले भने, 'बरु यसले दिने सूचनाहरू जनताको कानसम्म सहजै पुग्ने वातावरण मिलाउनु जरूरी छ ।' २०७५ कात्तिक १४ गते निर्माण सम्पन्न भएको राडार विभिन्न अन्यौलेका कारण सञ्चालनमा आउन सकेको थिएन । यसअघि यसबाट लिइने जानकारी अमेरिकामा रहेको इन्टरप्राइज इलेक्ट्रोनिक्स कोअपरेसन (सिइसी)ले संकलन गर्दै आएको थियो। सोही कम्पनीसँगको सम्झौतामा नेपालमा राडार जडान गर्ने प्रक्रिया चलेको छ । अब सुर्खेतमा जडित राडारले दिने सूचना जल तथा मौसम विज्ञान विभाग काठमाडौंबाट संकलन गरिनेछ । संकलित सूचना प्रवाह तथा अन्य विषयमा समन्वय भने सुर्खेतमा रहेको जल तथा मौसम विज्ञान कार्यालयले गर्नेछ । राडार मौसमसम्बन्धी जानकारी दिने विद्युतीय प्रणाली हो । सुर्खेतमा जडान गरिएको राडारको क्षमता चार सय किलोमिटर वरपरसम्मको मौसमको बारेमा

बाँकी ८ पेजमा.....

# प्रदेशका कार्यालय प्रमुखलाई तालिका बनाई काम गर्न मुख्यमन्त्रीको निर्देशन

मिसन न्यूज
कालिकोट

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बजेटको प्रभावकारी कार्यान्वयन गर्न समयसीमा बनाई काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । आज प्रदेश सरकार मातहतका जिल्लास्थित कार्यालय प्रमुख र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई कालिकोटमा निर्देशन दिँदै उनले कार्यक्रमको प्रभावकारी कार्यान्वयनले मात्र आर्थिक समृद्धि हासिल हुने र जनताको जीवनस्तर माथि उठ्ने मुख्यमन्त्री शाहीले बताए । उनले, विभिन्न विकास योजनाको अनुगमन समेत गरेका थिए । 'विकास योजना,



कार्यक्रम र बजेट कार्यान्वयनको बलियो अङ्ग भनेकै स्थायी संयन्त्र कर्मचारी हो,' मुख्यमन्त्री शाहीले भने, 'तसर्थ सरकारले ल्याएको नीति, बजेट तथा कार्यक्रम कार्यसूची बनाएर तालिका अनुसार काममा निर्वाध लाग्नुहोस् ।' कर्णालीको भौगोलिकता विकटता, जनशक्ति अभाव बजेट कार्यान्वयनको प्रमुख चुनौती भएको भन्दै जनशक्ति त्यसको व्यवस्थापनमा प्रदेश सरकार लागिपरेको उनले जानकारी दिए । मुख्यमन्त्री शाहीले कालीकोटका स्थानीय तहका प्रमुख उपप्रमुखरअध्यक्ष उपाध्यक्षलाई राखेर सङ्घीयता र जनताको मर्मअनुसार विकास योजनाको प्रभावकारी कार्यान्वयन र भ्रष्टाचार न्यूनीकरणमा केन्द्रित हुन सुझाए । संविधान, सङ्घीयताको मर्म र जनअपेक्षाअनुसार विकास हुन नसकेको भन्दै उनले सबै तहका सरकारले जनतालाई अनुभूति हुनेगरी काम गर्न आग्रह गरे । मुख्यमन्त्री शाही, सामाजिक विकासमन्त्री दल रावल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसी, स्वास्थ्य सेवा कार्यालय कालीकोटको अनुगमन गरेका छन् । तीनअघि कर्णाली प्रदेश सरकारका प्रमुख सचिव केवलप्रसाद भण्डारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मी बस्नेत,

बाँकी ८ पेजमा.....

हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# नेपाल टेलिकमले रारातालमा दियो फोरजी सेवा

**मिसन न्यूज**

**मुगु**

कर्णाली प्रदेशको प्रमुख पर्यटकीय स्थलका रुपमा रहेको रारामा फोरजी सेवा सुचारु गरिएको छ। नेपाल भ्रमण वर्ष-२०२० लाई लक्षित गरेर नेपाल टेलिकमले द्रूत गतिको फोरजी सेवा सञ्चालनमा ल्याएको हो । मुगुको रारामा फोरजी सेवा सञ्चालनमा ल्याइएको नेपाल टेलिकम सुर्खेतका लेखा अधिकृत विमल पोखरेलले जानकारी दिए। टेलिकमले राराको हुटुमा फोरजीको टावर राखेको छ । एक हजार आठ सय मेगाहर्जमा फोरजी सेवा सुरु गरिएको उनले जानकारी दिए । 'रारा आउने पर्यटकहरुलाई सहज र छिटो इन्टरनेट सुविधा दिने उद्देश्यले फोरजी सेवा सञ्चालनमा ल्याएका हौं,' पोखरेलले भने, 'यो सेवाले रारामा पुग्ने पर्यटकहरुलाई सामाजिक सञ्जाल प्रयोग गर्न, आफूले खिचेका फोटो तथा भिडियोहरु तत्काल सामाजिक सञ्जालमा राख्न सहज



हुनेछ।' फोरजी सेवा सञ्चालनमा आएसँगै विकट मध्येको एक मुगुका बासिन्दाले पनि उच्च गतिको मोबाइल इन्टरनेट सेवा प्रयोग गर्न पाउने भएका छन् । फोर्जि सेवाले रारा ताल घुम्न जाने पर्यटकहरु खुशि भएका छन् ।

# अंगुर खाँदा स्वस्थ्यमा यस्ता फाइदाहरू

अंगुर स्वादमा मिठो हुनुका साथै गुणकारी पाी छ भनेर धेरैलाई थाहा नहोला । यो पौष्टिक तत्वले भरपुर हुन्छ । यसमा पोटासियम, कार्बोहाइड्रेट, प्रोटिन, भिटामिन ए, भिटामिन सी, क्याल्सियम, आइरन, भिटामिन बीसिक्स र म्याग्नेसियम प्रचुर मात्रामा पाइन्छन् । यदि तपाईंले एक महिनासम्म दैनिक अंगुरको सेवन गर्नुहुन्छ भने यसले तपाईंको शरिरलाई पुर्याउने असरबाट तपाईं निकै सन्तुष्ट हुनुहुनेछ।

**तपाईंको मुटु स्वस्थ हुन्छः**

अंगुरमा एन्टिअक्सिडेन्टको भरपुर मात्रा हुन्छ जसले मुटुसम्बन्धि रोग न्यूनिकरणमा सहयोग गर्छ। यसमा पाइने पोलिफेनोलले पनि मुटुलाई स्वस्थ राख्न सहयोग गर्छ। बोस्टन युनिभर्सिटी स्कूल अफ मेडिसिनले गरेको अनुसन्धानमा अंगुर मा पाइने पोलिफिनोलले एलडीएल (ब्याड कोलेस्ट्रोल) घटाउँछ, रक्तचाप कम गर्छ, शरिर सुन्निनेलगायतका समस्या कम गर्छ।

**तपाईंको पाचनक्रिया बलियो हुन्छः**

अंगुरमा फाइबर हुन्छ जसले पाचनतन्त्रलाई बलियो बनाउँछ। अंगुरमा विशेषगरी इन्सोलुबल (अघुलनशील) फाइबर हुन्छ । यसले पेटलाई सफा राख्न मद्दत गर्छ । कब्जियतको समस्या भएकालाई अघुलनशील फाइबर निकै फाइदाजनक हुन्छ।

**तपाईंलाई उर्जावान् राख्छः**

अंगुरमा कार्बोहाइड्रेट हुन्छ विशेषगरी सेलुलोस। सेलुलोसलाई प्राकृतिक 'इनर्जी बुस्टर' भनिन्छ। एक गफ्फा अंगुर मुखमा हाल्नुहोस्, तपाईंले एकाएक उर्जावान् महसुस गर्नुहुन्छ । यसमा अत्यधिक फाइबर हुने भएकाले यो बिस्तारै पच्छ

**तपाईंको मृगौला स्वस्थ रहन्छः**



अंगुरमा एन्थोसियानिन र रेस्पोराट्रोल नामको शक्तिशाली एन्टिअक्सिडेन्ट पाइन्छ । यसले मृगौलामा प्रवेश गर्न सक्ने हानिकारक तत्वलाई बाहिर निकाल्ने काम गर्न सक्छ । यी एन्टिअक्सिडेन्टले युरिक एसिडजस्ता बेकारका उत्पादनलाई बाहिर निकाल्ने काम गर्छ।

**विभिन्न क्यान्सरबाट जोगाउँछ**

पुनः त्यही शक्तिशाली एन्टिअक्सिडेन्टलाई श्रेय जान्छ । यसमा एन्टिक्यान्सर गुण पनि हुन्छ जसले स्तन क्यान्सरलगायतका विभिन्न क्यान्सर बाट जोगाउँछ।

**सास फेर्न सहज बनाउँछः**

सन् २००७ को एक अध्ययन अनुसार बदाम, काजुलगायतका विभिन्न नट्स र फलफूलमा विशेषगरी अंगुर खाने बच्चाहरुमा दमको लक्षण कम देखियो।

**तपाईं बलियो हुनुहुनेछः**

अंगुरले तपाईंको मांसपेशीलाई बलियो बनाउनुका साथै तपाईंको शक्ति वृद्धि गर्छ । युनिभर्सिटी अफ जर्जियाको डिपार्टमेन्ट अफ किनेसियोलोजीले मुसामाथि गरेको एक अनुसन्धानले अंगुरको बोक्रामा पाइने क्याटेचिन्स, क्वेरसेछिन र रेस्भेर ाट्रोलले दौडँदा धेरैसम्म थकान महसुस नगर ाउने, फिट राख्ने गरेको पत्ता लगायो । मानिसहरुमाथि यस्तो अनुसन्धान आधिकारिक रुपमा नगरिएपनि अंगुरले तपाईंलाई पक्कै पनि बलियो बनाउन सहयोग गर्छ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर-घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |


मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# मन्त्री उपेन्द्र यादवले दिए राजीनामा

मिसन न्यूज
काठमाडौं

उपेन्द्र यादवले उपप्रधान एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदबाट राजीनामा दिएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीलाई सम्बोधन गर्दै यादवले मङ्गलबार एक विज्ञप्ती जारी गर्दै राजीनामा दिएका हुन्। मन्त्री यादव २०७५ जेठ १४ गते केपी ओली नेतृत्वको सरकारमा सहभागी भएका थिए। केही दिनअघिदेखि समाजवादी पार्टी नेपालले सरकारबाट बाहिरिने तयारी गरेको थियो। संविधान संशोधनको लागि भन्दै सरकारमा सहभागी भएको सो पार्टीले त्यो सम्भव नहुने देखिएपछि सरकारबाट बाहिरिनुपरेको बताउँदै आएको छ। मन्त्री यादवले राजीनामा दिनुअघि सो पार्टीले मंगलबार नै संसदीय दलको बैठक बोलाइएको थियो। स्वास्थ्यमन्त्रीबाट कानुन मन्त्रीमा सरुवा भएपछि पहिलोपटक सोमबार मन्त्रिपरिषद्को बैठकमा सहभागी भएका यादवले संविधान संशोधनको प्रस्ताव लगेका थिए। उनको प्रस्तावको पहिलो बैठकमै प्रधानमन्त्री एवम् नेपाल कम्युनिस्ट पार्टी (नेकपा) अध्यक्ष केपी शर्मा ओलीसँग विवाद भएको थियो। मन्त्री यादवले संविधान संशोधान प्रस्ताव सिधै मन्त्रिपरिषद्मा लगेका थिए। तर बैठकमा प्रस्तुत नहुँदै प्रधानमन्त्री ओलीले उक्त प्रस्तावलाई अस्वीकार गरिदिएपछि विवाद भएको हो।





मिति : २०७६।०९।०८

सम्मानीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

विषय : राजीनामा प्रस्तुत गरेको बारे ।

उपरोक्त सम्बन्धमा तत्कालिन संघीय समाजवादी फोरम, नेपाल तथा तत्कालिन नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) बीच २०७४ जेष्ठ १४ गते संविधान संशोधन लगायत हामीले आन्दोलनका क्रममा उठाएका माग र मुद्दाहरु सम्बोधन गर्ने शर्तसहित दुईबुँदे सहमतिका आधारमा मात्र हाम्रो पार्टी सरकारमा सामेल भएको व्यहोरा अवगतै छ । यसै सन्दर्भमा हामीले मन्त्रिपरिषद् बैठक तथा संसदमा पटक-पटक यी विषयहरु प्रवेश गराउनुका साथै संविधान संशोधन लगायतका विषयहरु राखी प्रधानमन्त्री समक्ष स्मरण-पत्र पनि दिएका थियौं । यसैक्रममा मिति २०७६ पुस ७ गते को मन्त्रिपरिषद् बैठकमा संविधान संशोधनका लागि आवश्यक गृहकार्य गर्ने संविधान विज्ञहरु सम्मिलित विज्ञ सुझाव समिति गठन गर्ने प्रस्ताव उपप्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको हैसियतमा मैले प्रस्तुत गरेकोमा उक्त प्रस्तावलाई अस्वीकार गरी दुईबुँदे सहमतिबाट सरकार पछाडि हटेको तथा सहमतिलाई एकतर्फी रुपमा तोडेको स्पष्ट भएकोले नैतिकताको आधारमा सरकारमा बसिरहन औचित्य नभएको हुँदा आजकै मितिबाट लागू हुनेगरी उपप्रधान एवम् कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदबाट राजीनामा दिएको व्यहोरा अनुरोध छ ।


उपेन्द्र यादव
उपप्रधानमन्त्री एवं
कानून, न्याय तथा संसदीय मामिला मन्त्री

# सिङजीयाङमा ७५ हजार रोजगारी सृजना

एजेन्सी
उरुम्की

चीनको उत्तरपश्चिमी क्षेत्रमा पर्ने उयगुर स्वशासीत क्षेत्रमा गत एघार महिनामा गरिबी रेखा मुनीमा परेका लागि ७५ हजार रोजगारी सृजना भएको छ। स्थानीय अधिकारीहरुले दिएको जानकारीअनुसार सन् २०१९ का सुरुका ११ महिनामा त्यति रोजगारी सृजना भएको हो। गत नोभेम्बरको अन्त्यसम्मको विवरणमा कुल ७५ हजार नौ सय ३३ रोजगारी सृजना भएको उल्लेख गरिएको छ। दक्षिणी सिङजियाङका गरिबीबाट प्रभावित २२ ठाउँका गरिब समुदायका व्यक्तिहरुका लागि ती रोजगारीहरु सृजना गरिएका हुन्।

जनशक्ती र सामाजिक सुरक्षा सम्बन्धी क्षेत्रीय विभागका अधिकारीहरुले दिएको जानकारीअनुसार सिङजीयाङले सृङ्खलाबद्ध रुपमा सिप विकास सम्बन्धी निःशुल्क तालिमहरु सञ्चालन गरेको थियो। सिप विकास सम्बन्धी तालिम तथा कार्यक्रमहरु झण्डै एक लाख ८० हजार जना स्थानीय गरिब समूदायका व्यक्तिहरुका लागि सञ्चालन गरिएको थियो।



# सातको भाग्यफल

| | | |
|---|---|---|
| | मेष : | प्रियजनसँगको भेटघाटले सुरुआत रमाइलो रहे पनि यो साता केही उतारचढावमय रहने देखिन्छ। खर्चिलो यात्रा हुनेछ। अप्ठ्यारो परिस्थितिसँग सम्झौता गर्नुपर्ला। श्रम्पूर्वक काम गर्दा समेत जस नपाइनाले मन खिन्न रहनेछ। बिहीवारपछि समस्या दर्साउँदा सहयोगीहरू जुट्नेछन्। |
| | वृष : | आँटले काम बन्नेछन् भने मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। प्रतिस्पर्धामा उत्रनुपरे पनि हिम्मतले काम लिँदा लाभ मिल्नेछ। पुरुषार्थी काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ। दिगो फाइदा हुने काम प्राप्त हुनेछ। पारिवारिक भेटघाटले मन प्रफुल्लित हुनेछ। |
| | मिथुन : | रुमा पेटको मौसमी गडबडीले सताउन सक्छ, खानपानमा सजग रहनुहोला। व्यावहारिक चुनौती देखिए पनि अनुभवले ज्ञान बढ्नेछ। सोमवारपछि स्थितिमा सुधार आउनेछ भने आँटले काम लिन सकिनेछ। मेहनतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ। |
| | कर्कट : | बुधवारसम्म केही उतारचढावको समय रहेको हुँदा सावधान रहनुपर्ला। पहिले दिएको वचनले व्यवहारमा समस्या निम्त्याउन सक्छ। साथीभाइ टाढिनेछन्। स्वास्थ्य कमजोर रहनेछ। अध्ययनमा धेरै समय दिन नसकिएला। बिहीवारदेखि स्थितिमा सुधार आउनाले कामका बाधाहरू हट्नेछन्। |
| | सिंह : | प्रारम्भमा रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। नयाँ उद्योग वा विशेष काम सुरु गर्ने अवसर जुट्नेछ। आर्थिक समस्या सुल्झनुका साथै भौतिक साधनहरू जुटाउन सकिनेछ। सोमवारपछि परिवारमा असमझदारी बढ्नाले केही समस्यामा परिनेछ। आफन्तजनमै ईर्ष्यालु मनोवृत्ति बढ्न सक्छ। |
| | कन्या : | प्रारम्भमा आलोचकहरूले बाधा पुर्‍याए पनि सोमवारदेखि सहयोगीले साथ दिनेछन्। विशेष अवसर प्राप्त हुनाले दिगो फाइदा हुने काम शुभारम्भ हुनेछ। पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम हातपार्न सकिनेछ। बिहीवारदेखि पारिवारिक समस्याले सताउन सक्छ। |
| | तुला : | सुरुमा पारिवारिक भेटघाटले रमाइलो माहोल रहनेछ। तारिफयोग्य काम गर्दै समुदायको हक हितको संरक्षण गर्न सकिनेछ। मिहिनेतले गुमेको प्रतिष्ठा दिलाउनेछ। सोम, मंगल र बुधवार भने वादविवादमा परिएला। विगतका कमजोरी बाहिर आउनाले आलोचकहरू बढ्न सक्छन्। |
| | वृश्चिक : | प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। सोमवारदेखि आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। विभिन्न कामका अवसर प्राप्त हुनेछन्। रमाइलो भेटघाट र खानपानको आनन्द प्राप्त हुनेछ। |
| | धनु : | प्रारम्भमा विशेष अवसर जुट्नुका साथै मनग्गे आम्दानी हातलागी हुनेछ। पछिसम्म फाइदा हुने काम प्रारम्भ हुन सक्छ. सोमवारदेखि अत्यधिक खर्च बढ्नेछ। परिस्थितिवश अर्थ अभाव देखा पर्नाले चिताएको काममा पनि बाधा पुग्न सक्छ। तर टाढाका साथीसँग सम्बन्ध विस्तार गर्न सकिनेछ। |
| | मकर : | प्रारम्भमा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आफन्त र साथीभाइबाट काममा सहयोग मिल्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। आम्दानीका स्रोतहरू बढ्नेछन् भने मनग्गे धन संग्रह हुनेछ। |
| | कुम्भ : | प्रारम्भमा स्वास्थ्य कमजोर रहनेछ र काममा पनि बाधा हुन सक्छ। सोमवारदेखि स्थिति अनुकूल हुनाले विभिन्न अवसर पाइनेछ। मिहिनेतले प्रतिष्ठित काम गर्ने अवसर दिलाउन सक्छ। राजनीति तथा नोकरीमा विशेष जिम्मेवारी प्राप्त हुनेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ। |
| | मीन : | प्रारम्भमा केही चुनौतीसँग लड्नुपर्ला। अस्वस्थताबीच कामको बोझ थपिन सक्छ। नियमित काममा बाधा पुग्नेछ। ईर्ष्या गर्नेहरू बढ्नेछन् भने काम गरेर पनि जस नपाइने समय छ। अरूका लागि समय खर्चनुपर्ला। बिहीवारदेखि स्थितिमा सुधार आउनाले धेरै समस्या समाधान हुनेछन्। |

## प्रदेशका कार्यालय प्रमुखलाई..................

सामाजिक विकास मन्त्रालयका सचिव डा मानबहादुर विकलगायतले उक्त अस्पतालको अनुगमन गरी उपचार सेवा, जनशक्ति परिचालन र उपकरणको प्रर्याप्तताका बारेमा जानकारी लिएका थिए ।

मुख्यमन्त्री नेतृत्वको टोलीले आजै स्वास्थ्य कार्यालयको भौतिक संरचना, जनशक्ति र सेवा प्रवाह अवस्थाका अनुगमन गरेको छ । अनुगमनका क्रममा हाल ३० श्ययाको अस्पतालमा जनशक्तिको कमी, भौतिक उपकरण तथा संरचना अभावले सेवा प्रवाहमा देखिएको समस्या तीनै तहका सरकारको समन्वयमा समधान गर्ने मुख्यमन्त्री शाहीले बताएका छन् । कार्यालय निर्माणाधीन ५० श्ययाको अस्पताल र पञ्चदेवल पर्यटनस्थलको पनि अनुगमन पनि टोलीले गरेको थियो । यसैगरी चालू आवमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सञ्चालन गर्ने लक्षित वर्ग विशेष कार्यक्रमअन्तर्गत निर्देशक समितिको बैठक मुख्यमन्त्री शाहीको अध्यक्षतामा कालीकोटमा सम्पन्न भएको छ। सम्बन्धित क्षेत्रको सांसदलाई राखेर लक्षित वर्ग विशेष कार्यक्रमको कार्यान्वयन, गाउँस्तरमा हुने कार्यक्रमको सञ्चालन, बस्तीमै पुगेर हुने सञ्चालक समिति गठन गर्नेलगायतका विषयमा बैठकमा छलफल भएको कृषिमन्त्री केसीले जानकारी दिए। मन्त्री केसीका अनुसार सहकारी नमूना गाउँको कार्यक्रम प्रभावकारिताका लागि नरहरिनाथ गाउँपालिका र समन्वय प्रमुखसँग पनि छलफल गरिएको थियो। मुख्यमन्त्री शाहीले यही मङ्सिर २७ गते जाजरकोट पुगेर कार्यालय प्रमुखलाई बजेट कार्यान्वयनमा तीव्रता दिन निर्देशन दिएका थिए ।

## पूर्वसूचना दिने राडार.......................

जानकारी दिन सक्नेछ। जल तथा मौसम विज्ञान विभागले नेपालका तीन ठाउँमा राख्न प्रस्ताव गरेको मौसमसम्बन्धी सूचना दिने प्रणालीमध्येको सुर्खेतमा जडान गरिएको यो राडार पहिलो चरणको हो।

जल तथा मौसम विज्ञान कार्यालय सुर्खेतका अनुसार विभिन्न चरणमा जडान गर्नेगरी गरिएको प्रस्तावअनुसार पहिलो चरणको सुर्खेतको रातानाङ्लामा जडान भैसकेको छ। दोस्रो चरण पाल्पाको रिब्दीकोट र तेस्रो चरणमा उदयपुरको उदयपुरगढीमा राडार जडान गर्ने तयारी छ। विश्व बैंकको सहयोगमा १७ करोड रुपैयाँ लागतमा जडान गरिएको सुर्खेतको मौसमी राडारले कर्णाली प्रदेशसँगै सुदूरपश्चिम प्रदेश र ५ नम्बर प्रदेशभित्र पर्ने ४ सय किलोमिटर दूरीसम्मको मौसमको पूर्वसूचना दिनेछ। राडारले वर्षा, वर्षाको प्रकार तथा तीव्रता, वायु प्रणालीको बहाव, बादलको अवस्था, चक्रवातको बहिर्भावको स्थिति, असिना, हिउँ, चट्याङ, बाढीलगायत जोखिमको पूर्वानुमान गर्छ।

## गोली प्रहारपछि.........................

शाहीलाई नियन्त्रणमा लिइएको जनाएको छ। सोधपुछका लागि नियन्त्रणमा लिइएको भने पनि प्रहरीले गोली चलाएपछि विप्लव समूहका कार्यकर्ता अध्यक्ष शाहीलाई छाडेर भागेका थिए। भर्ताको घना जंगलमा अध्यक्ष शाहीलाई विप्लव समूहका कार्यकर्ताले समाति रहेको अवस्थामा घेरा हालेर गोली चलाएपछि बल्ल छोडेको प्रहरीको भनाइ छ। गाउँपालिका अध्यक्ष अपहरणमा परेपछि उनको खोजीका लागि प्रहरी र स्थानीय खटिएका थिए । प्रहरीको सक्रिय प्रयासपछि छुटाउन प्रहरी सफल भएको हो । अध्यक्ष शाही र उनकी पत्नी इला मल्ल शाही शनिबार आफ्नै घरमा सुतिरहेको अवस्थामा अपहरणमा परेका थिइन् । राती १२ बजेतिर हतियारधारी समूहले एक्कासी ढोका ढक्ढक्याएका थिए। १५ जनाको समूह घरभित्र पसेर अपहरण गरेका थिए । हतियारसहित आएको समूहले जबरजस्ती पतिलाई लिएपछि पत्नी इला पनि साथमै गएकी थिइन्। उनलाई पनि आइतवार विहान स्थानीयले कालिकोटको सिमाना नजिक जंगलमा भेटाएका थिए । कालिकोट प्रहरीका अनुसार उनको अवस्था सकुशल छ। घटनाको अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ। यता अपहरणको जिम्मा लिदैं विप्लव समूहले उक्त गाउँपालिकामा भ्रष्टचार बढेको आरोप लगाएको छ। विप्लव समूहका भेरी कर्णाली ब्युरो इन्चार्ज रविले जारी गरेको विज्ञप्तिमा अपहरणको जिम्मेवारी समेत लिएका छन्। विज्ञप्तिमा पक्राउ परेका आफ्ना कार्यकर्ता रिहाईको माग समेत गरिएको छ ।

## बालबालिका माथि हुने......................

जिल्लाका अन्य पाँचवटा स्थानीय तह पलाँता ताउँपालिका, पचालझरना गाँउपालिका, रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका र नरहरीनाथ गाउँपालिकाका २१ बिद्यालयका ४२ जना विद्यार्थी र २१ जना सम्पर्क शिक्षकलाई अभिमुखीकरण गर्न थालिएको छ। जिल्ला प्रहरी कार्यालय प्रमुख डिएसपी ओलीयाले सामाजिक अपराध तथा मुलुकी देवानी तथा फौजदारी, संहिता २०७४ले व्यवस्था गरेका विवाहसम्बन्धी व्यवस्थाका विषयमा बालबालिकालाई जानकारी दिँदै गाउँमा अपराधको सुइको पाए प्रहरीलाई खबर गर्न आग्रह गरे। उनले प्रहरी मात्र सक्रिय भएर गाउँमा हुने सबै किसिमका अपराध कानुनी दायरामा ल्याउन नसकिने बताउँदै यसमा बालबालिकाले सहयोग गरी प्रहरीलाई खबर गर्नका लागि सयमा कल गर्न सुझाव दिए। जिल्लामा प्रहरीले संचालन गरेको समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तरगत गाउँ-गाउँ घर-घरमा प्रहरी आउने बताउँदै अपराध न्यूनिकरणका लागि बालबालिका, शिक्षक, बुद्धिजीवी तथा स्थानीय नागरिकको सहयोगको अपेक्षा गरिएको उनले बताए। उनले भने, गाउँमा कसैले घरेलु हिंसा गरे, बाल विवाह गरे, बहु विवाह, लागूऔषध सेवन, घरेलु मदिरा, झैंझगडा, बालश्रम, बाल यौन दुर्व्यवहार गरे सिधै प्रहरीलाई खबर गर्न सयमा कल गर्नुहोला ।' कार्यक्रममा सेभ द चिल्डेनका बाल संरक्षण कार्यक्रम संयोजक बाले विश्कर्माले बालबालिकाको परिचय र जिल्लामा बाल विवाहको अवस्था, जिल्ला प्रहरी प्रमुख डीएसपी श्यामबाबु ओलीयाले मुलुकी देवानी तथा फौजदारी, संहिता २०७४ले व्यवस्था गरेका विवाहसम्बन्धी व्यवस्था, कानुन व्यवसायी हिक्मतबहादुर बिष्टले बाल विवाह र बालबालिकाविरुद्ध हुने हिंसा सम्बन्धी कानुनी व्यवस्था, लागूऔषध दुर्व्यसन, लैंगिक हिंसालगायतका सामाजिक अपराधका बारेमा अभिमुखीकरण गर्दै विद्यार्थी र शिक्षककै सक्रियतामा बाल संरक्षण र सामाजिक अपराध न्यूनिकरण हुने बताए । उनीहरुले जिल्लालाई अपराध मुक्त बनाउनका लागि सबै सरोकारवाला निकायको एक्यबद्धताको खाँचो रहेको बताउँदै यसका लागि सबैको सहयोगको खाँचो रहेको औंल्याए । कार्यक्रममा प्रदेशका सामाजिक विकासमन्त्री दल रावल, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री बिमला केसी, प्रदेश सांसद कुर्मराज शाहीलगायतको सहभागीता थियो।

**सम्पुर्णमा अनुरोध**

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**'भष्ट्राचार विरुद्धको सहकार्यःसुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सम्पर्क ठेगाना**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत